


राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

तीनै तहका सरकार जिम्मेवार, अन्त्य गरौं लैङ्गिक हिंसा र दुर्व्यवहार ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

❑ वर्ष २२ ❑ अङ्क ११३ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७८ बैशाख २३ गते बिहीबार ❑ 6 May 2021 ❑ पृष्ठ ४ ❑ मूल्य रू. २।-

## माओवादीद्वारा समर्थन फिर्ता

**रासस**
**काठमाडौं, २२ बैशाख**

नेकपा (माओवादी केन्द्र)ले प्रधानमन्त्री केपी शर्मा ओलीलाई दिएको समर्थन फिर्ता लिएको छ । माओवादीले समर्थन फिर्ता लिइएको व्यहोराको पत्र आज सङ्घीय संसद् सचिवालयलाई दिएको छ ।

माओवादी केन्द्रका प्रमुख सचेतक देवप्रसाद गुरुङले सङ्घीय संसद्का महासचिवलाई समर्थन फिर्ता लिएको पत्र बुझाएका हुन् । सो क्रममा संसदीय दलका नेता एवं अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'लगायत सांसदको उपस्थिति थियो । "माओवादी केन्द्र सङ्घीय संसदीय दलको निर्णयअनुसार प्रधानमन्त्री केपी शर्मा ओलीको सरकारलाई दिएको समर्थन आजकै मितिदेखि लागू हुने गरी फिर्ता लिइएको छ", अध्यक्ष दाहालद्वारा हस्ताक्षरित पत्रमा भनिएको छ ।

नेपालको संविधानको धारा ७६ (२) अन्तर्गत प्रधानमन्त्रीका रूपमा नेकपा (एमाले)का संसदीय दलका नेता केपी शर्मा ओलीलाई माओवादीले २०७४ फागुनमा समर्थन गरेको थियो । विसं २०७५ जेठमा एमाले र माओवादी केन्द्रबीच एकीकरण भई नेपाल कम्युनिष्ट पार्टी (नेकपा) को एउटै संसदीय दल बनेको थियो ।

गत फागुन २३ गते सर्वोच्च अदालतको फैसलाबाट दुईपार्टीबीचकोएकताभङ्गभएको थियो । फैसलापछि पार्टी एकता भङ्ग गरेदेखि नै माओवादीले वर्तमान सरकारलाई आफूहरूको समर्थन नरहेको दोहोऱ्याउँदै आएको भएपनि माओवादीले समर्थन फिर्ता लिने औपचारिक निर्णय गर्न सकेको थिएन । सरकारलाई दिएको समर्थन फिर्ता लिन माओवादीलाई चर्को दबाब सिर्जना भएको थियो । त्यसबेला माओवादीले तत्काल समर्थन फिर्ता लिँदा मुलुक झन् राजनीतिक र संवैधानिक सङ्कटमा फस्ने भन्दै उचित समय आएपछि निर्णय लिइने प्रस्ट्याउँदै आएको थियो ।

माओवादीले औपचारिक रूपमा सरकारलाई दिइएको समर्थन फिर्ता लिएसँगै प्रधानमन्त्री ओली अल्पमतमा परेका छन् । उनको दल एमालेसँग १२१ सांसद रहेका छन् । संसद्मा बहुमत पुग्न १३७ मत आवश्यक पर्छ ।

## प्रदेश प्रमुख पौडेलद्धारा पदभार ग्रहण

**पोखरापत्र संवाददाता**
**पोखरा, २२ बैशाख**



गण्डकी प्रदेशका नवनियुक्त प्रदेश प्रमुख सीता पौडेलले बुधबार पदभार ग्रहण गरेकी छिन् । राष्ट्रपति विद्यादेवी भण्डारीले उनलाई सोमबार प्रदेश प्रमुखमा नियुक्त गरेसंगै पोखराको प्रदेश प्रमुखको कार्यालयमा पौडेलले पदभार ग्रहण गरेकी हुन् । उनले सोमबार नै पद तथा गोपनीयताको सपथ लिएकी थिइन् । मन्त्रिपरिषदको सिफारिसमा राष्ट्रपति भण्डारीले गण्डकीमा पौडेलसँगै सुदूरपश्चिमको प्रदेश प्रमुखमा गंगाप्रसाद यादवलाई नियुक्त गरेकी थिइन् ।

गण्डकी प्रदेश प्रमुख अमिक शेरचनलाई हटाएर राष्ट्रपति भण्डारीले पौडेललाई नियुक्ति गरेकी हुन् । प्रदेशमा देखिएका समस्या समाधानका लागि नियमकानूनअनुसार स्वतन्त्र र निष्पक्ष ढंगले समन्वय र सहजीकरण गरेर अघि बढ्ने बताउँदै उनले यसका लागि सबैको साथ र सहयोग औल्याइन । पदभार ग्रहण कार्यक्रममा प्रदेश सरकारका आर्थिक मामिला तथा योजनामन्त्री किरण गुरुङ, उपसभामुख सिर्जना शर्मा, प्रदेश सरकारका उच्चपदस्थ अधिकारी, सुरक्षा निकायका प्रमुख, प्रमुख जिल्ला अधिकारीलगायतको उपस्थिति थियो । सो अवसरमा प्रदेश प्रमुख पौडेललाई नेपाली सेनाको एक टुकडीले सलामी अर्पण गरेको थियो । गण्डकी प्रदेश सभाको अनिश्चित कालको लागि स्थगित भएको बिषेश अधिवेशनलाई आफ्नो अनुकुलको निर्णय लिन प्रदेश प्रमुखलाई हटाएर पौडेललाई नियुत्ति गरेको राजनीतिक विष्लेषकहरुले विश्लेषण गर्न थालेका छन् ।

गण्डकी प्रदेशका मुख्यमन्त्री पृथ्वीसुब्बा गुरुङ बिरुद्ध पेश भएको अविश्वासको प्रस्ताव बिरुद्ध मतदान गर्ने कार्यक्रम तय भएको वैशाख १५ गते एकाएक राष्ट्रिय जनमोर्चाका सांसद खिलबिक्रम शाहीले सम्पर्क विहिन भई सदनमा अनुपस्थित भएसंगै सदन स्थगित भएको थियो ।

## लोकतन्त्रका लागि सँगै लडेका दलबीच सहकार्य गर्नुपर्नेमा प्रम ओलीको जोड

**रासस**
**काठमाडौं, २२ बैशाख**

प्रधानमन्त्री केपी शर्मा ओलीले लोकतन्त्रका लागि सँगै लडेका दलबीच सहकार्य गर्नुपर्नेमा जोड दिएका छन् । प्रधानमन्त्री एवं नेकपा (एमाले) का अध्यक्ष केपी ओलीले प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवासँग बुधबार साँझ बूढानीलकण्ठ निवासमा भएको भेटमा संसद्मा आफूलाई विश्वास मत दिन आग्रह गरे ।

सभापति देउवाले भने विश्वासको मत दिन नसकिने स्पष्ट पार्नुभएको भेटमा सहभागी कांग्रेस सहमहामन्त्री डा प्रकाशशरण महतले जानकारी दिए । यही वैशाख २७ गते विश्वासको मत प्रयोजनका लागि प्रतिनिधिसभा बैठक बस्दै

**बाँकी अन्तिम पृष्ठमा ▶▶**

## आठ हजार ६५९ संक्रमित थपिए, ५८ को निधन

**पोखरापत्र संवाददाता**
**पोखरा, २२ बैशाख**

पछिल्लो २४ घन्टामा नेपालमा थप आठ हजार ६५९ जनामा कोरोना (कोभिड-१९) सङ्क्रमण पुष्टि भएको स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले जनाएको छ ।

यो अवधिमा पिसीआर विधिबाट आठ हजार ६०५ र एन्टिजेन विधिबाट ५४ जनामा सङ्क्रमण पुष्टि भएको मन्त्रालयका प्रवक्ता जागेश्वर गौतमले बताए । पिसीआर विधिबाट २० हजार ७५६ र एन्टिजेन विधिबाट ६१६ गरी २१ हजार ३७२ को स्वाब परीक्षण गरिएको थियो । अब देशभर सक्रिय संक्रमितको सङ्ख्या ६६ हजार ३५२ पुगेको छ । नेपालमा हालसम्म कोरोना भाइरस सङ्क्रमितको सङ्ख्या तीन लाख ५९ हजार ६१० पुगेको छ । कोरोना सङ्क्रमण भएका चार हजार ७६४ जना संस्थागत आइसोलेसनमा र ६१ हजार ५८८ जना होम आइसोलेसनमा रहेका छन् । आइसीयुमा ६०० र भेन्टिलेटरमा १५६ जना उपचार

**बाँकी अन्तिम पृष्ठमा ▶▶**

## गण्डकी प्रदेशका मुख्यमन्त्री गुरुङलाई कोरोना संक्रमण

**पोखरापत्र संवाददाता**
**पोखरा, २२ बैशाख**

गण्डकी प्रदेशका मुख्यमन्त्री पृथ्वीसुब्बा गुरुङलाई कोरोना संक्रमण भएको छ ।

प्रदेशको संक्रमण तथा सरुवा रोग अस्पतालको निगरानी गर्न लेखनाथ पुगेका मुख्यमन्त्रीको टाउको र शरीर दुःखेको कारण एन्टिजेन परीक्षण गराएकोमा पोजेटिभ आएसंगै पुन पिसिआर समेत परीक्षण गर्दा उनमा कोरोना संक्रमण(पोजेटिभ रिपोर्ट) आएको अस्पतालले जनाएको छ । मुख्यमन्त्री गुरुङको स्वास्थ्य अबस्था भने सामान्य रहेको तर उनबाट अन्य व्यक्तिलाई सार्न सक्ने



अबस्था भने उच्च जोखिम भएको अस्पतालका प्रमुख डा. विकास गौचनले बताए ।

मुख्यमन्त्री गुरुङ कम्तिमा एक हप्ता देखि १० दिनसम्म बाहिर हिडडुल नगर्दा राम्रो हुने आफुहरुले सुझाव दिएको उनले बताए । मुख्यमन्त्री गुरुङको सिटि भ्यालु भने १७/१८/१८ रहेको गौचनको भनाई छ । कोरोना संक्रमण पुष्टि भएसंगै मुख्यमन्त्री गुरुङ हाल आफ्नै क्वाटरमा सुरक्षितका साथ रहेको मुख्यमन्त्रीका स्वकिय सचिव सुर्य गुरुङले बताए । मुख्यमन्त्रीसंग केही दिन देखि आफु नजिक नभएको उनले जनाए । मुख्यमन्त्री गुरुङका प्रेस संयोजक बिक्रम न्यौपानेले केही दिन अघि देखि कोरोना संक्रमण देखा परेसंगै होम आइसोलेसनमा रहेका छन् । मंगलबार मुख्यमन्त्री गण्डकी प्रदेशसभाका सभामुख नेत्रनाथ अधिकारी र दलका शीर्षनेताको बैठकमा सहभागी भएका थिए ।

## स्वास्थ्यकर्मीलाई कोरोना पुष्टिपछि स्वास्थ्यचौकी बन्द

**पोखरापत्र संवाददाता**
**पोखरा, २२ बैशाख**

कास्कीको माछापुच्छ्रे गाउँपालिका-२ को सार्दिखोला स्वास्थ्यचौकीको सेवा मङ्गलबारदेखि बन्द भएको छ ।

स्वास्थ्यचौकीमा कार्यरत एक स्वास्थ्यकर्मीलाई कोरोना भाइरस सङ्क्रमण पुष्टि भएपछि स्वास्थ्यचौकीबाट प्रदान गरिने सम्पूर्ण सेवा अनिश्चितकालका लागि बन्द गरिएको स्वास्थ्यचौकी इन्चार्ज शिवबहादुर केसीले बताए ।

उनका अनुसार स्वास्थ्यकर्मीमा सङ्क्रमण पुष्टि भएपछि फैलावट रोक्न अन्य कर्मचारी कन्ट्याक्ट ट्रेसिङका लागि क्वारेन्टिनमा बस्नुपरेकाले अर्को सूचना जारी नभएसम्मका लागि सेवा बन्द गरिएको हो । यसैगरी गाउँपालिकाको सेवा वैशाख मसान्तसम्मका लागि बन्द गरिएको छ । नयाँ भेरियन्टसहितको कोरोना भाइरसको सङ्क्रमण बढेको भन्दै गाउँपालिकाले मङ्गलबार एक सूचना जारी वैशाख २२ गतेदेखि ३१ गतेसम्म सेवा बन्द गरिएको जनाएको छ । गाउँपालिकामा सङ्क्रमण तीव्रगतिमा फैलिरहेकाले गाउँपालिका कोभिड-१९ व्यवस्थापन समितिको निर्णयानुसार गाउँपालिका तथा नौवटै वडा कार्यालयबाट प्रदान गरिने अत्यावश्यकबाहेकका सेवा बन्द गरिएको गाउँपालिका अध्यक्ष कर्णबहादुर गुरुङले जानकारी दिए ।

उनका अनुसार जिल्ला प्रशासनले वैशाख २१ देखि ३१ गतेसम्म जारी गरेको निषेधाज्ञा आदेशानुसार गर्ने गरी अत्यावश्यकबाहेकका सबै बन्द गरिएको हो । औषधि एवं स्वास्थ्य सामग्रीका पसल २४ सै घण्टा सञ्चालन हुने र दैनिक उपभोग्य खाद्यान्न, तरकारी, फलफूलका पसल बिहान ५ बजेदेखि ९ बजेसम्म मात्र सञ्चालन हुने बताइन्छ । स्वास्थ्य, सुरक्षा, विद्युत्, खानेपानी, औषधि तथा औषधिजन्य सामग्री बिक्री वितरणलगायतका अत्यावश्यक सेवा तथा कार्य गर्नेबाहेकका अन्य सेवा बन्द हुने गाउँपालिकाले जनाएको छ ।

## अपाङ्गता भएका व्यक्तिका स्वास्थ्य र पुर्नस्थापनाका सवाललाई सम्बोधन गर्न आग्रह


**पोखरापत्र संवाददाता**
**पोखरा, २२ बैशाख**

अपाङ्गता भएकाहरुको अवस्थाको पहिचान सहित उपचार र पुर्नस्थापनामा राज्यले विशेष जोड दिएर नीति बनाउनुपर्नेमा सरोकारवालाहरुले जोड दिएका छन् ।

अपाङ्गता भएका व्यक्तिहरूका लागि स्वाबलम्बन जीवनपद्धति केन्द्र--पोखरा र राष्ट्रिय अपाङ्ग महासंघ, गण्डकी प्रदेशको संयुक्त आयोजनामा प्रदेश स्तरीय नीति तथा योजना तर्जुमामा अपाङ्गता भएका व्यक्तिहरुको स्वास्थ्य र पुर्नस्थापना सम्बन्धी भर्चुअल अन्तक्रिया कार्यक्रममा सहभागीहरुले आफ्नो अनुभव सुनाउँदै नीतिगत सम्बोधनका लागि सुझाव दिएका हुन् ।

कार्यक्रममा नेपाल अपाङ्ग महासंघ गण्डकी प्रदेशका अध्यक्ष खोमराज शर्माले अपांङ्गता भएका व्यक्तिहरुका लागि प्रादेशिक स्वास्थ्य नीतिमा समावेश गर्नुपर्ने विषय माथि कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । अपाङ्गता भएका व्यक्तिहरुको अधिकार सम्बन्धी महासन्धिको धारा २५ मा उल्लेखित बुँदा, नेपालको संविधान २०७२ उल्लेखित स्वास्थ्य नीति, अपाङ्गताका मुद्दा र समस्या, उद्देश्य , नीति, रणनीति सहित अपेक्षित उपलब्धि बारेमा प्रष्ट पार्नुभएको थियो । प्रस्तुत विषयबस्तु माथि सहभागिहरुले सुझावहरु दिएका थिए । विशेष गरी नियमित औषधी सेवन गर्नेहरुका लागि आर्थिक समस्या, अपाङ्गमैत्री अस्पतालको अभावमा सहज स्वास्थ्य पहुँच नहुनु, अस्पतालमा दोभाषे नहुँदा समस्या सुनाउन असहज, स्वास्थ्य वीमा निश्चित अस्पतालमा मात्र हुँदा सेवा उपभोगमा समस्या त्यसैगरी अपाङ्गता भएका महिलाहरुका प्रजनन् स्वास्थ्यमा देखिएको जटिलता लगायतका विषयमा सुझावहरु राखिएको थियो । परिवारका दुबै वा एक व्यक्ति अपाङ्गता छन् भने उनीहरुका सन्तानको स्वास्थ्य उपचारमा पनि राज्यको विशेष नीति आवश्यक रहेको औल्याइएको थियो । कार्यक्रममा स्वाबलम्बन जीवन पद्धति केन्द्र-पोखराका अध्यक्ष हेम गुरुङले प्रदेशमा स्वास्थ्य नीति निर्माणका लागि अघि बढेको अवस्थामा अपाङ्गता भएकाको स्वास्थ्य र पुर्नस्थापनाको विषयलाई विशिष्टकृत रूपमा सम्बोधन गर्नुपर्ने बताउनुभयो । अपाङ्गता भएका व्यक्तिहरु स्वस्थ र गुणस्तरीय जीवन बाँच्ने अधिकारबाट वञ्चित हुन परेको जनाउँदै अब बन्ने स्वास्थ्य नीतिले स्वास्थ्य सेवामा सहज पहुँच पुग्ने विश्वास व्यक्त गर्नुभयो । मनोपरामर्शकर्ता जमुना शर्माले अपाङ्गता भएका व्यक्तिहरु सहज रुपमा स्वास्थ्य पहुँचमा पुग्न नसक्दा थुप्रै मानसिक समस्या देखिने गरेको जनाउँदै यस तर्फ पनि नीतिगत रुपमै सम्बोधन हुनुपर्ने धारणा राख्नुभयो । कोभिड १९ को असर झन बढी अपाङ्गता भएकोमा देखिएको उहाँको भनाइ थियो ।

स्वावलम्बन जीवनपद्धति केन्द्र-पोखराका महासचिव अञ्जना के.सी.ले कार्यक्रममा दृष्टिविहिन, सुस्त श्रवण, अटिज्म, शारीरिक अपाङ्गता, श्रवण दृष्टिविहिन भएका, बौद्धिक अपाङ्गता, हेमोफिलिया, लगायतका सहभागी रहेको र आ-आफ्नो क्षेत्रको समस्या सहित सुझाव दिएको बताउनुभयो । उहाँले १० वर्षे स्वास्थ्य रणनीति बन्दै गर्दा अपाङ्ग व्यक्तिका स्वास्थ्य र पुर्नस्थापनाका सवाललाई पनि समेटेर नीति बनाउनुपर्ने उद्देश्यले सुझाव संकलनका लागि कार्यक्रमको आयोजना गरेको बताउनुभयो । उहाँका अनुसार कार्यक्रममा गण्डकी प्रदेशका ३० जनाको सहभागिता रहेको थियो । कार्यक्रम यूएसएआइडी र प्रोटेक्टिङ ग्लोबल राइटस् (प्रोग्रेस) को आर्थिक सहयोग तथा मोविलिटी इन्टरनेशनलयूएसएसँगकोअन्तराष्ट्रिय साझेदारीमा कोभिड १९ महामारीका बेला समावेशी प्रतिकार्य प्रवर्द्धन गर्न अपाङ्गता अधिकारकर्मीहरूको परिचालन परियोजना अन्तर्गत सम्पन्न गरिएको थियो ।



**सुक्तिसुधा**

नैतिक कामका लागि पनि अनैतिक काम नगर्नुस् ।
– थमस हार्डी

## सम्पादकीय

# देउवालाई भेटेर ओलीले दिएको सन्देश

प्रतिनिधि सभा पुनस्थापना पछिको राजनीतिक गतिरोध अन्त्य गर्न प्रधानमन्त्री केपी शर्मा ओलीले प्रतिनिधिसभामा विश्वासको मत लिन प्रस्ताव राखेका छन् । तीन वर्षअघि झण्डै दुई तिहाइ सांसदहरूको समर्थनमा प्रधानमन्त्री बनेका ओली नेकपा हुँदा आएको विवादले गर्दा प्रतिनिधिसभा विघटन गरे । विघटनको कारण पार्टी विभाजित भयो । विघटनको विरुद्ध सर्वोच्च अदालत पुगेको पक्षमा फैसला आयो प्रधानमन्त्री ओली अप्ठ्यारोमा परे। फेरि फागुन २३ गतेको सर्वोच्चको फैसलाले नेकपा दर्ता बदर गरेर पुरानै पार्टी एमाले र माओवादी केन्द्र ब्युताई दियो । एमाले ब्युतिएपछि राहतको महसुस गरेका ओलीलाई बरिस्ठ नेता झलनाथ खनाल -माधवकुमार नेपाल पक्षको समानान्तर संगठनले अप्ठेरोमा पारेको छापार्टी औपचारिक रुपमा नफुटे पनि सग्लो देखिन्न ।

एमाले नेतृत्वको सरकारको सबैभन्दा बढी विरोध नेपाल समुहले गर्दै आएको छाविपक्षी नेपाली कांग्रेस, माओवादी , राजपाको उपेन्द्र यादव पक्ष ओली हटाउने अभियानमा छानेपाल समुहको भर नभएको अवस्थामा प्रधानमन्त्री ओलीको सरकारले विश्वासको मत पाउन कठिन छ। बैशाख २७ गते प्रतिनिधि सभामा विश्वासको मत नपाए देश फेरि अस्थिरतामा जानेछ । देशलाई राजनीतिक अस्थिरतामा जान नदिन र कोभिडको महामारी विरुद्ध जुध्न लोकतन्त्रका लागि सँगै लडेका दलबीच सहकार्य गर्नुपर्छ । प्रधानमन्त्री एवं नेकपा (एमाले) का अध्यक्ष केपी ओलीले प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाको निवास बूढानीलकण्ठ पुगेर संसद्मा आफूलाई विश्वास मत दिन आग्रह गरेका छन् । हत्तपत्त विपक्षी नेताको घर नजाने प्रधानमन्त्री ओली अप्ठ्यारो परेकाले विपक्षी नेताहरूसँग भेट्नु नेपाली चलन हो । प्रतिनिधिसभा विघटन अघि पुष्प कमल दाहाल प्रचण्डको निवासमै पुगेर मिलेर जान आग्रह गरेका थिए । एमालेलाई विभाजन हुन नदिन नेपालसंग वार्ता गरेका हुन मिलेर जान गरेको पहल सार्थक नभएपछि कित्ताकाट गर्न विश्वासको मत लिने प्रस्ताव आएको हुनुपर्छ । कम्युनिस्टहरू मिल्न नसक्दा कांग्रेसको दैलोमा ओली, प्रचण्ड, नेपाल, डाक्टर बाबुराम भट्टराई पुगेका छन् । प्रचण्ड, नेपाल, खनाल, भट्टराईले देउवालाई प्रधानमन्त्री भईदिनुस भनेको बेला ओलीले मलाई सहयोग गर भन्दा मान्ने कुरै भएन ।

सभापति देउवाले ओलीलाई विश्वासको मत दिन नसकिने स्पष्ट पारेका छन् । यही वैशाख २७ गते विश्वासको मत प्रयोजनका लागि प्रतिनिधिसभा बैठक बस्दै छ । सभापति देउवाले कोराना भाइरसको संक्रमण भयावह भएकाले रोकथाम तथा नियन्त्रणका लागि प्रभावकारी कदम चाल्न सरकारको ध्यानाकर्षण गराएका थिए । सभापति देउवाले संसद्को बजेट अधिवेशन बोलाउन ढिला भइरहेका अवस्थामा संसद्लाई छलेर सरकारले अध्यादेश ल्याएको भन्दै आपत्तिसमेत जनाएका छन् । भेटवार्तामा एमालेका तर्फबाट उपप्रधानमन्त्री ईश्वर पोखरेल, एमाले संसदीय दलका उपनेता सुवास नेम्वाङ, अर्थमन्त्री विष्णुप्रसाद पौडेल, गृहमन्त्री रामबहादुर थापा तथा कांग्रेसका तर्फबाट वरिष्ठ नेता रामचन्द्र पौडेल, उपसभापति विमलेन्द्र निधि, महामन्त्रीद्रय डा शशांक कोइराला र पूर्णबहादुर खड्का, पूर्वमहामन्त्री कृष्णप्रसाद सिटौला र सहमहामन्त्री डा महत सहभागी थिए ।

कांग्रेसका पदाधिकारी र पूर्वपदाधिकारीको मंगलबार बसेको बैठकले प्रधानमन्त्री ओलीले संसदमा लिने विश्वासको मतलाई असफल पार्ने निर्णय गरेको छ । राजनीतिक दलहरूबीच मुद्दाका आधारमा फरकफरक धारणा भए पनि लामो समयदेखि लोकतन्त्रका लागि लडेका दल नेताहरूबीच भेटघाट हुनुपर्छ । प्रधानमन्त्री ओलीले नेताहरूबीच भेटघाट र संवाद गर्ने गरेका छन्।सत्ता अस्थायी हो । राजनीतिक दलहरूबीचको सम्बन्धलाई कायमै राख्न सकेमा देशले सामना गरेका चुनौतीको पार लगाउन सकिन्छ । सत्ताको नेतृत्व गरेको बेला होस या सत्तामा नभएको बेला राजनीतिक रुपमा परेको गाँठो फुकाउन ओलीले भूमिका खेलेका छन् । सत्तामा नरहेका बेला पनि विपक्षी दलहरूसँग राष्ट्रियताको पक्षमा, लोकतन्त्रको सुदृढीकरण र हरेक किसिमका विपत्तिसंग जुध्न र विकासका लागि साथ दिन तयार छु भन्ने सन्देश पनि हो ।

# विकासका काम धमाधम

-वासुदेव पौडेल
गण्डकी, २२ बैशाख (रासस)

पोखरा महानगरपालिका-३२ मा विकासका कामले तीव्रता पाएको छ । प्रदेश गौरवका आयोजनासँगै शिक्षा, भौतिक पूर्वाधार, पर्यटन लगायतका हरेक क्षेत्रमा विकासका कार्यक्रमले गति लिएका हुन् ।

नेपालको एकीकरण पूर्व यस क्षेत्रका १२ वटा राज्यका राजा कास्कीको पूर्वी भेगमा जम्मा भई सम्झौता गरेको यहाँको 'राजाको चौतारा' लाई दोस्रो लोकतान्त्रिक जनआन्दोलनपछि नाम परिवर्तन गरी 'जनताको चौतारा' नामाकरण गरिएएको छ । मालमूल फाँटमा रहेको यस चौतारालाई इतिहासको साक्षीका रूपमा नेपाली सेनाको सहयोगमा पुनर्निर्माण गर्न थालिएको पोखरा महानगरपालिका-३२ का वडा सदस्य विष्णु तिवारीले जानकारी दिनुभयो । उहाँका अनुसार ऐतिहासिकता झल्कने स्वरूपमा उक्त चौतारा रु ४० लाखको लागतमा पुनर्निर्माण गर्न लागिएको हो ।

तत्कालिन समयमा यो चौतारा नेपालको पूर्वपश्चिम हिँड्ने मूल मार्गमा पर्दथ्यो । यहीँबाट काठमाडौँ, पश्चिमतिर जुम्ला र किल्ला काँगडासम्मको लस्कर चल्थ्यो। पूर्व पश्चिमबाट दक्षिणतर्फ हालको तनहुँ भीमादतर्फ जाने हुलाकी मार्ग पनि यहीँबाट छुट्टिने भएकाले हुलाकका जाँचकीले यही चौतारामा बसेर हुलाक जाँच्ने गरेको इतिहासमा उल्लेख छ ।

इतिहासमा युद्धविराम गरिएको चौतारा भएकाले यसको गरिमा र महत्वलाई कायम गर्न शान्ति, मेलमिलाप र सहअस्तित्वको प्रतीकका रूपमा पुनर्निर्माण गर्ने तयारी गरिएको हो । पुनर्निर्माणका क्रममा ऐतिहासिक राजाहरूको झल्को आउने सालिक, स्तम्भ, बटुवा बस्ने टहरो, तलाउ, पानीको घडा, वगैँचासहितको पार्क, प्रतीक्षालय निर्माण गरिने वडाध्यक्ष अक्कलबहादुर कार्कीले जानकारी दिनुभयो ।

पर्यटकीय नगरी पोखरा प्रवेश गर्ने प्रवेशद्वारका रूपमा रहेको यस वडामा गण्डकी प्रदेश सरकारले गण्डकी विश्वविद्यालय स्थापना गर्ने भएको छ । गण्डकी प्रदेश सरकार र भौतिक पूर्वाधार विकास मन्त्रालयको सहयोगमा पोखरा महानगरपालिका-३२, मालमूलको स्यालतहरामा गण्डकी विश्वविद्यालयको भवनको हालै शिलान्यास गरिएको छ । दक्ष जनशक्ति उत्पादनका साथै र व्यावहारिक शिक्षा दिने स्थलका रूपमा विश्वविद्यालय स्थापित हुने विश्वास लिइएको छ । वडामा हाल आठवटा सरकारी विद्यालय रहेकामा एक गुरुकुलसहित दुईवटा मावि र पाँचवटा आधार भूत विद्यालय रहेका छन् । त्यस्तै, पाँचवटा संस्थागत विद्यालय छन् । निर्माणाधीन गण्डकी विश्वविद्यालय करीब ७४ रोपनी क्षेत्रफलमा निर्माण हुनेछ । विश्वविद्यालयका लागि मालमूल फाँट र गुठाको चौरको बीचमा ३५५ रोपनी जग्गा छुट्याइएको छ । वडा भित्रै बन्न लागेको प्रदेश बसपार्कको काम प्रक्रियागत रूपमा अघि बढेको वडाध्यक्ष कार्कीले जानकारी दिनुभयो । उहाँका अनुसार बसपार्कको जग्गाका लागि मुआब्जा व्यवस्थापनका लागि समिति गठन गरिसकिएको छ । प्रस्तावित बसपार्क बन्ने स्थानमा ९२ रोपनी सार्वजनिक जग्गा रहेको छ भने ६२ रोपनी लालपुर्जा एवम् ८० रोपनी सेतो पुर्जा सहितको जग्गा छ । वडाभित्र माछापालनको कार्यक्रमअन्तर्गत खुदी खोलामा माछापालनका लागि विस्तृत आयोजना प्रतिवेदन (डिपिआर) तयार गरी सकिएको छ । उक्त आयोजनाअन्तर्गत वार्षिक रु दुई अर्ब २५ करोड बराबरका माछा उत्पादन हुने अनुमान गरिएको छ ।

पोखरा ३२ कै मजुवाको सात तरेमा जडीबुटी प्रशोधन केन्द्र निर्माणका लागि ५० रोपनी जग्गा छुट्याइएको छ भने उक्त क्षेत्रमा नै शहीद पार्क निर्माणका लागि २५५ रोपनी जग्गा छुट्याइएको छ । वडामै पर्ने महत्वपूर्ण पर्यटकीयस्थल रुपातालमा रुपाताल परियोजनाअन्तर्गत रु ४५ करोडमा बाँध बन्ने र साबिकको तालको सतहभन्दा थप चार मिटर माथिसम्म उचाइ थपिने वडाध्यक्ष कार्कीको भनाइ छ । पृथ्वी राजमार्ग हुँदै पोखरा छिर्ने यस वडामा पूर्वाधार विकासका क्रमले गति लिएसँगै यहाँका राजाको चौतारा, मालमूल फाँट, गगनगौडा, लामेआहाल लगायतका स्थानमा बस्ती विकासको क्रमले पनि गति लिँदै गएको स्थानीयवासी बताउँछन् ।

# सेनाका तीनको मृत्यु

पोखरापत्र संवाददाता
पोखरा, २२ बैशाख

नेपाली सेनाका तीन जनशक्तिको कोभिड-१९ को सङ्क्रमणबाट मृत्यु भएको छ । सैनिक प्रवक्ता पौडेलका अनुसार हालसम्म सेनामा पाँच हजार ३१८ सङ्क्रमित भएकामा तीन जनाको ज्यान गएको छ । निको हुनेको सङ्ख्या पाँच हजार २०१ रहेको छ ।

सेनामा हाल कोरोना सङ्क्रमणबाट सक्रिय सङ्क्रमितको सङ्ख्या ११४ रहेको छ । नेपालमा हालसम्म तीन लाख ५१ हजार पाँच कोभिड-१९ बाट सङ्क्रमित भएकामा दुई लाख ८७ हजार ७९० निको भएको सिसीएमसीबाट थाहा भएको छ । हाल सक्रिय सङ्क्रमितको सङ्ख्या ५९ हजार ७९८ छ भने तीन हजार ४१७ जनाको निधन भइसकेको छ ।

पछिल्लो २४ घण्टामा मात्रै पनि कोरोनाका सात हजार ५८७ नयाँ सङ्क्रमित थपिएको, एक हजार ७७५ निको भएको तथा ५५ जनाको निधन भएको स्वास्थ्य मन्त्रालयले जनाएको छ।

# बेनी–जोमसोम सडक कालोपत्र शुरु

पोखरापत्र संवाददाता
म्याग्दी, २२ बैशाख

कोरोनाको दोस्रो लहरले मुलुक आक्रान्त भइरहेका बेला कालीगण्डकी करिडोरअन्तर्गत बेनी-जोमसोम सडकखण्डमा पर्ने हिमाली जिल्ला मुस्ताङको थासाङ गाउँपालिका-२ खन्तीमा मङ्गलबारदेखि कालोपत्रको काम शुरु भएको छ ।

मुस्ताङको कोबाङदेखि कैकुखोलासम्मकोसाढे१५किलोमिटर सडकखण्डमध्ये खन्तीबाट मङ्गलबारदेखि कालोपत्र गर्न लागिएको बेनी-जोमसोम-कोरला सडक आयोजनाको प्याकेज नं ३ को ठेकेदार कम्पनि शर्मा गजुर मुखी जेभीका सबइन्जिनीयर सचिन शर्माले जानकारी दिनुभयो ।

ठेकेदार कम्पनि शर्मा गजुर मुखी जेभीका सबइन्जिनीयर शर्माले दिएको जानकारी अनुसार रु ५५ करोड ३० लाख १६ हजार ६०१ मा सडक कालोपत्रको जिम्मा लिएको हो । सो सडकमा आक्सपाल्ट प्रविधिको कालोपत्र हुने उहाँले बताउनुभयो। इन्जिनीयर शर्माका अनुसार साढे १५ किलोमिटर कालोपत्र र एक हजार ३०० मिटर ढलानको जिम्मा लिएको निर्माण कम्पनिले अहिलेसम्म ७० प्रतिशत भौतिक प्रगति गरेको छ । आगामी असार मसान्तसम्म ठेक्काको काम सक्ने लक्ष्यका साथ कालोपत्रको काम शुरु गरिएको उहाँले बताउनुभयो ।

सडकलाई दुई लेन फराकिलो बनाइएको छ । घुम्ती तथा ग्रेड सुधार र नाली निर्माणको काम समाप्त भइसकेको उहाँले जानकारी दिनुभयो । शर्माका अनुसार सडक साढे आठ मिटर फराकिलो गरी कालोपत्र गरिँदै छ । त्यसैगरी, शर्मा गजुरमुखीले नै ठेक्का लिएको प्याकेज नं २ को जलथलेदेखि कैकुसम्मको सडकमा पनि कालोपत्रको तयारी गरिएको छ । म्याग्दी र मुस्ताङको सिमानामा पर्ने बादर जुङ, काफ्ने, घोप्टे भीर र रुप्से झरना क्षेत्र बाहेकका स्थानमा सडक स्तरोन्नतिको काम अन्तिम चरणमा पुगेको ठेकेदार कम्पनी शर्मा गजुरमुखी जेभीले जनाएको छ।

विसं २०६४ मा नेपाली सेनाले ट्र्याक खोलेको ७६ किलोमिटर दूरीको बेनी-जोमसोम सडकमा २०७४ सालदेखि चार प्याकेजमा स्तरोन्नतिको काम भइरहेको छ। पहिलो प्याकेजमा पर्ने गलेश्वर-बेगखोलासम्मको १६ किलोमिटरसडकमापनिकालोपत्रकोतयारी भइरहेको सहायक ठेकेदार कम्पनि ओमकारेश्वर कन्स्ट्रक्शनका प्रमुख अमृत दाहालले बताउनुभयो।

# उपत्यकामा एक साता निषेधाज्ञा थप

रासस
काठमाडौं, २२ बैशाख

कोभिड-१९ सङ्क्रमण जोखिम बढ्दो क्रममा रहेकाले काठमाडौँ उपत्यकामा थप कडाइ गर्नेगरी निषेधको आदेश एक साता थप गर्ने निर्णय गरिएको छ। यसअघि वैशाख १६ देखि २२ (बुधबार राति १२ बजे) सम्मका लागि निषेधको आदेश जारी भएकामा आज उपत्यकाका तीनै जिल्लाका प्रमुख जिल्ला अधिकारीको बैठकले थप कडाइ गर्दै निषेधको आदेश एक साता थप्ने निर्णय गरेको हो ।

काठमाडौँका प्रजिअ कालीप्रसाद पराजुलीले केही कडाइ गर्ने गरी वैशाख २९ गते राति १२ बजेसम्मका लागि उक्त आदेश थप गरिएको जानकारी दिनुभयो । यसअघिको आदेशमा खाद्यान्नलगायत अत्यावश्यक सामग्री खरीदबिक्रीका लागि बिहान र बेलुका समय तोकेर खुला गरिएकामा अब थपिएका समयमा भने बिहान ९ बजेसम्म मात्रै सञ्चालन गर्न पाइने छ ।

नेपालमा नयाँ भेरियन्टको कोभिड-१९ सङ्क्रमण फैलिएको र त्यसको प्रभाव उपत्यकामा बढ्दो रहेकाले अझै सुरक्षा निगरानी बढाउनुपर्ने आवश्यकता महसुस गरी केही कडाइ गरिएको जनाइएको छ । यसपालिको निषेधाज्ञाको कार्यान्वयन तह फितलो भएको गुनासो बढिरहेको छ ।

सरकारले सङ्क्रामक रोग नियन्त्रण ऐन २०२० को उपदफा २ बमोजिम पहाडी र हिमाली जिल्लामा २०० र काठमाडौँ उपत्यका तथा तराईमा ५०० सक्रिय सङ्क्रमित रहेका जिल्लामा जिल्लाभर वा निश्चित क्षेत्रमा प्रजिअले निषेधाज्ञा तथा आवश्यक आदेश जारी गर्न सक्ने अधिकार दिएको छ । सोही अधिकार प्रयोग गरी आज जारी आदेशानुसार फुटपाथ, खुला ठाउँ, ठेलागाडा वा साइकलमा सञ्चालन हुने व्यापार/व्यवसाय एवं कवाडी सङ्कलनमा समेत रोक लगाइएको छ। यसअघि यस्ता पसल निर्बाध रुपमा सञ्चालन भएको थियो । आदेशमा उपत्यका बाहिर जानका लागि सम्बन्धित स्थानीय तहले अनिवार्य रुपमा १० दिनको क्वारेन्टिनमा राख्ने प्रतिबद्धतासहितको सिफारिसका आधारमा गन्तव्यस्थलमा जान दिने भनिएको छ । सूचना विभागको पास नभएका पत्रकारको विवरण जिल्ला प्रशासन कार्यालयमा बुझाएर मात्रै काममा खटिने व्यवस्था गरिएको छ ।

# कोभिड-१९ विरुद्ध लड्न युवावर्गले समाजमा जनचेतना फैल्याउनुपर्ने

रासस
काठमाडौँ, २२ बैशाख

कोभिड-१९ विरुद्ध लड्न युवावर्गले समाजमा जनचेतना फैल्याउनुपर्नेमा जोड दिइएको छ।

प्रगतिवादी युवा समाजले जुम प्रविधिबाट आयोजना गरेको ' कोरोना सङ्कटमा नागरिकको भूमिका' विषयक अन्तरक्रिया कार्यक्रममा शरीरमा रोग प्रतिरोधी क्षमता बढाउने औषधिको चेतना फैलाउन र औषधि एवं अन्य खाद्य सामग्रीको कालोबजारी विरुद्ध युवाको नेतृत्वमा नागरिक अभियान शुरु गरिनुपर्नेमा जोड दिइएको हो ।

कार्यक्रममा पूर्व सचिव एवं नागरिक अभियानकर्मी भीमप्रसाद उपाध्यायले योग, ध्यान साधना गर्ने, उपयोगी आयुर्वेदिक औषधिको प्रयोग गरेर रोग प्रतिरोधी क्षमता बढाउन सकिने देखिएकाले यो सन्देश प्रवाह गर्न युवावर्ग सक्रिय हुनुपर्ने बताउनुभयो। नेपाल भूमि प्राचीनकालमा ऋषिमुनिको विश्वविद्यालय भएकाले अनुसन्धानबाट शुरु भएको वैदिक सनातनी परम्परालाई निरन्तरता दिनुपर्नेमा कार्यक्रमका सहभागीले जोड दिनुभएको थियो । कार्यक्रममा समाजका अध्यक्ष धीरेन्द्र चन्द, जरोकिलो महाअभियानका उपाध्यक्ष प्रा डा गोविन्दशरण उपाध्यायलगायतले श्वासप्रश्वासमा सुधारका लागि नियमित रूपमा प्राणायाम गर्न, माछामासु नखान, चिसोको प्रयोग नगरेर कोरोनाबाट बच्न सकिने बताउनुभएको थियो।

# कोरोनाबारे भ्रामक समाचार सम्प्रेषण नगर्न आग्रह

रासस
काठमाडौँ, २२ बैशाख

सञ्चार तथा सूचना प्रविधिमन्त्री पार्वत गुरुङले कोभिड-१९ बारे अफवाह फैलाउने गरी भ्रामक समाचार प्रकाशन/प्रसारण नगर्न आमसञ्चारमाध्यमलाई आग्रह गर्नुभएको छ।

मन्त्रालयद्वारा यहाँ बुधबार आयोजित छलफलमा सरकारका प्रवक्ता गुरुङले पछिल्लो समयमा मिडियामा जनतालाई आतङ्कित गर्ने गरी समाचार आउने गरेको बताउँदै सत्यतथ्य मात्र समाचार सम्प्रेषण गर्न अनुरोध गर्नुभयो । सरकारका प्रवक्ताले भन्नुभयो,"यो बेला भनेको सकारात्मक सोचका साथ काम गर्ने बेला हो तर कोभिडबारे नकारात्मक सन्देश बढी आयो, मानवीय हिसाबले सकारात्मक सन्देश दिनुहोस्", मन्त्री गुरुङले गोरखापत्र, राष्ट्रिय समाचार समिति, रेडियो नेपाल र नेपाल टेलिभिजनलाई कोरोनाबारे सन्देशमूलक र सकारात्मक समाचार र कार्यक्रम सम्प्रेषण गर्नसमेत निर्देशन दिनुभएको छ । उहाँका अनुसार मन्त्रालयले कोरोनाबारे जनचेतनामूलक समाचार र कार्यक्रमबारे योजना बनाउन सम्बन्धित संघसंस्थाको सहभागितामा सचिवालय गठन गर्ने भएको छ ।

मन्त्री गुरुङले उहाँले कोभिडबारे सकारात्मक भूमिका निर्वाह गर्न प्रेस काउन्सिल नेपाल र सूचना तथा प्रसारण विभागलाई निर्देशन पनि दिनुभएको छ । कोभिड-१९ न्यूनीकरणमा नीति बनाउन सञ्चारमाध्यमसँग पनि छलफल गरिने उहाँको भनाइ थियो ।

# ५२ जिल्लामा थपिँदै निषेधाज्ञा

रासस
काठमाडौं, २२ बैशाख

मुलुकमा कोभिड-१९ सङ्क्रमण बढ्दो क्रममा रहेसँगै नियन्त्रणका लागि विभिन्न जिल्लाले निषेधाज्ञा जारी गरेको छ ।

वैशाख ७ देखि जारी हुन थालेको निषेधाज्ञा आजसम्म ५२ जिल्लामा पुगेको छ । त्यसमध्ये १२ जिल्लामा आंशिक आदेश जारी भएको छ । पछिल्लो चौविस घण्टामा छ जिल्लामा निषेधको आदेश जारी भएको गृह मन्त्रालयले जनाएको छ ।

जसअनुसार यसरी आदेश जारी हुने जिल्लामा म्याग्दी, मुगु, तनहुँ, बारा, सिरहा, र नवलपरासी पश्चिम रहेको छ । त्यसमध्य तनहुँ र म्याग्दीमा क्षेत्र तोकेर आंशिक आदेश जारी भएको छ । नवलपरासी पश्चिममा आज बिहानदेखि आदेश लागू भइसकेको छ भने म्याग्दी, मुगु र तनहुँमा आज राति १२ बजेदेखि लागू हुनेछ । बारा र सिरहामा बिहिबार बिहान ६ बजेदेखि लागू हुनेछ । सरकारले दिएको अधिकार प्रयोग गर्दै विभिन्न जिल्लाका प्रमुख जिल्ला अधिकारीबाट निषेधाज्ञ जारी गरी कोभिड-१९ सङ्क्रमण रोकथामको प्रयास भइरहेको छ । अहिले बाँके, सुर्खेत, काठमाडौँ, ललितपुर, भक्तपुर, कास्की, कैलाली, पर्सा, दाङ, कञ्चनपुर, पाल्पा, चितवन, रूपन्देही, बाग्लुङ, बर्दिया, सल्यान, सुनसरी, दार्चुला, जाजरकोट, रुकुम पश्चिम, डडेलधुरा, झापा, मोरङ र गुल्मीमा निषेधाज्ञ लागू गरिएको छ।

# तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : मानसिक तनाव | तुला | : शत्रुको भय |
| वृष | : झमेला बढ्ने | वृश्चिक | : मन चञ्चल |
| मिथुन | : व्यापारमा लाभ | धनु | : शारिरीक झमेला |
| कर्कट | : सहयोग मिल्नेछ | मकर | : अप्रत्यसित लाभ |
| सिंह | : आर्थिक समस्या | कुम्भ | : सत्कार मिल्नेछ |
| कन्या | : सम्मान मिल्नेछ | मीन | : कार्यमा सफलता |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६,जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।

